# नेपालगञ्ज उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## नेपालगञ्ज, बाँके

सञ्चार सम्बन्धि कार्यक्रम सञ्चालनका लागि ईच्छुक सञ्चारकर्मी संस्थाहरुलाई पुन: प्रस्ताव पेश गर्ने बारेको जरुरी सूचना
(दोश्रो पटक प्रकाशित मिति २०७६।११।२०)

यस उप-महानगरपालिकाको चालू आ.व.२०७६/०७७ का लागि स्वीकृत संचार क्षेत्र प्रवर्द्धन कार्यक्रम अन्तर्गत विनियोजित रकम मध्ये देहायका कार्यक्रमहरु सेवा खरिद मार्फत् सञ्चालन गर्नुपर्ने भएकोले सञ्चार क्षेत्रमा आवद्ध ख्यातीप्राप्त, अनुभवी एवं विशेषज्ञता हासिल गरिसकेका सवै संघ, संस्थाहरुलाई काम सम्बन्धि क्षेत्रगत विषय ToR का आधारमा सो सम्बन्धि प्राविधिक तथा आर्थिक(सूचनामा उल्लेखित बजेट रकमको थप २० प्रतिशत लागत सहभागिता) विषयहरु उल्लेख गरि एउटै प्रस्ताव तयार गरि देहायका कागजातहरु संलग्न राखि शिलबन्दी खाम सहित सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा प्रस्ताव पेश गर्नहुन सूचित गरिन्छ ।

| सि.नं. | कार्यक्रम | बजेट |
|---|---|---|
| १ | नेपालगञ्ज उप महानगरको विकास गतिविधि समेटीने गरि रेडियो उपमहानगर विशेष कार्यक्रम (अवधि ४ महिना) | रु १०००००।- (एकलाख) |
| २ | नेपालगञ्ज उप महानगरको विकास गतिविधि समेटीने गरि टेलिभिजन विशेष कार्यक्रम (अवधि ४ महिना) | रु १५००००।- (एकलाख पचास हजार) |
| ३ | उपमहानगरले सम्पन्न गरेका सुधारात्मक एवं सम्पादित विकासको प्रभावलाई विशेष जोड दिई अनलाईन मार्फत् फिचर प्रकाशन (४ महिना सम्म) | रु ५००००।- (पचास हजार) |
| ४ | उपमहानगरले सम्पन्न गरेका सुधारात्मक एवं सम्पादित विकासको प्रभावलाई विशेष जोड दिई प्रिन्ट मिडीया मार्फत् फिचर/लेख/रचना प्रकाशन (४ महिना सम्म) | रु ५००००।- (पचास हजार) |
| ५ | नेपालगञ्जका धार्मिक र पर्यटकीय स्थलहरु संकलन गरि पुस्तक प्रकाशन ( सफ्ट कपि सहित) | रु १५००००।- (एकलाख पचास हजार) |

प्राविधिक तथा आर्थिक प्रस्तावका साथ संलग्न गर्नुपर्ने देहाय बमोजिम कागजातहरुको प्रतिलिपि :

१) नियमानुसार सरकारी निकायमा दर्ता तथा नविकरण भएको प्रमाणपत्र, (२) आन्तरिक राजस्व कार्यालयबाट जारी भएका पान नं./मू.अ.कर दर्ता प्रमाणपत्र, (३) उप-महानगरपालिकाको मौजूदा सूचीमा सूचिकृत भएको प्रमाणपत्र, (४) आ.व.२०७५।०७६ सम्मको लेखा परिक्षण प्रतिवेदन, (५) आ.व.२०७५।०७६ को कर चुक्ता प्रमाणपत्र, (६) आफ्नै कार्यालय भएको वा वहालमा लिएको भए सो सम्बन्धि प्रमाणपत्र, (७) उप-महानगरपालिकामा बुझाउनु पर्ने सवै प्रकारका कर चुक्ता गरेको, (८) संस्था कालो सूचीमा नपरेको व्यहोरा अध्यक्ष स्वयंले स्वघोषणा गरि पत्र संलग्न गरेको, (९) प्रस्ताव तयार गर्दा कार्यक्षेत्रगत शर्त ToR का आधारमा तयार गरेको हुनुपर्नेछ, (१०) साझेदारीमा (Joint Venture) मा कामगर्न चाहेमा बढिमा ३ वटा संस्थाहरु मिलेर प्रस्ताव पेश गर्न सक्नेछन तर कुन संस्थाले नेतृत्व गर्ने हो सो व्यहोरा साझेदार गर्ने संस्थाले स्पष्ट रुपमा आफनो संस्थाको लेटरप्याडमा खुलाई अध्यक्षले दस्तखत गरी छाप समेत लगाई प्रस्ताव साथ संलग्न गरेको हुनुपर्नेछ, (११) संस्थाको विधानमा भएको उद्धेश्य र प्रस्तावित कार्यक्रम विच तालमेल भएको हुनुपर्नेछ, (१२) कर कट्टी लगायत अन्य विषयहरु आर्थिक प्रशासन ऐन, नियमावली बमोजिम हुनेछ, (१३) एउटा प्रस्तावदाताले माथि उल्लेखित क्रियाकलापहरु सवैमा प्रस्ताव पेश गर्न सक्नेछ तर छनौट गर्दा एउटा संस्थालाई कुनै एउटा क्रियाकलाप गर्ने गरि छनौट गरिनेछ । प्रस्तावको प्रत्येक पानामा प्रमाणित गर्नेको दस्तखत र छाप लागेको हुनुपर्नेछ (१४) प्रस्तावदाताहरुले उप-महानगरपालिका कार्यालयमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन अर्थात् २०७६ चैत ४ गते कार्यालय समय भित्र, उक्त दिन विदा भएमा कार्यालय खुलेको दिन कार्यालय समय भित्र प्रस्ताव दर्ता गरिसक्नुपर्नेछ, (१५) सञ्चार क्षेत्रसंग सम्बन्धित सामुदायिक रेडियो/टेलिभिजन, स्थानीय पत्रपत्रिका र अनलाईनबाट आएका प्रस्तावहरुलाई विशेष प्राथमिकता दिईनेछ, (१६) दर्ता भएका सवै प्रस्तावहरु प्रस्ताव बुझाउने अन्तिम दिनको भोलिपल्ट कार्यालयका प्रतिनीधि तथा प्रस्तावदाता प्रतिनीधिहरुको रोहवरमा खोलिनेछ र प्रस्तावदाता अनुपस्थित भएमा समेत प्रस्ताव खोल्न बाधा पर्ने छैन, (१७) प्रकाशित सूचना तथा कार्यक्षेत्रगत शर्त (ToR) यस कार्यालयको सूचना पाटी तथा **website : www.nepalgunjmun.gov.np** मा पनि हेर्न र डाउनलोड गर्न सकिनेछ । थप जानकारीका लागि नेपालगञ्ज उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय, फोन नं. ०८१-५२३६४१, ५२०३१६, ५२३३६३ ।

(हरि प्याकुरेल)
प्रमुख प्रशासकीय अधिकृत